*"माटो बचाउँ, खेतिपाति सपारौँ र किसानलाई उत्थानशील बनाऔँ "*

# दिगो र पर्यावरण मैत्री खेतीपाति राष्ट्रिय संवाद

**( ५ कार्तिक २०८१, काठमाडौं)**

दिगो र पर्यावरण मैत्री खेतीपाति राष्ट्रिय संवाद राष्ट्रिय कृषक समूह महासंघ, नेपालको संयोजन एवं सामुदायिक बीउ बैंक नेपाल, खाद्यका लागि कृषि अभियान, FORWARD, LI-BIRD, SAPPROS NEPAL, DIGO BIKAS INSTITUTE, CARE, VSO, FIAN, NEPAL MAHILA EKATA SAMAJ, SOCIAL WORK INSTITUTE, SAHAS NEPAL, CRS, HASERA, RAITHANEE AGRI PRODUCTS NEPAL लगायतको सहकार्यमा २०८१ कार्तिक ५ गते काठमाडौंमा सम्पन्न गरिएको छ । "माटो बचाउँ, खेतिपाति सपारौँ र किसानलाई उत्थानशील बनाऔँ" मूल नाराका साथ संचालन गरिएको संवादमा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठको प्रस्तुती, नागरिक समाजको तर्फबाट डा. सन्तोष श्रेष्ठको प्रस्तुती, स्थानीय किसानी अभ्यासको विषयमा प्यानल छलफल त्यसैगरी नीति, सरकारी प्राथमिकता, कार्यक्रम र बजार सम्बन्धमा अर्को प्यानल छलफल र आगामी कार्यदिशाको संकल्प प्रस्ताव सहित संवाद समापन भएको छ। संवादस्थल बाहिर स्टलमा स्थानीय कृषकहरूको मौलिक उत्पादनको प्रदर्शनी समेत गरिएको थियो ।

महासंघका सचिव लक्ष्मी भण्डारीले संवादको संचालन गर्नुभएको थियो भने स्वागत मन्तव्य महासंघका उपाध्यक्ष अनिता बस्नेतले गर्नुभएको थियो। त्यसैगरी महासंघका अध्यक्ष पंचकाजी श्रेष्ठले संवादको उद्देश्यमाथि प्रकाश पार्दै पर्यावरणीय कृषिको प्रबर्द्धनका लागि सबैको सहकार्य आवश्यक रहेको र एकरुपता बनाएर जानुपर्ने विचार व्यक्त गर्नुभएको थियो । त्यसपछि प्रस्तुतीको क्रममा पहिलो प्रस्तुती नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठको रहेको थियो । डा. श्रेष्ठले प्रस्तुतीमा पर्यावरणीय कृषिमा सरकारको प्राथमिकता र रणनीतिक महत्वका बारेमा चर्चा गर्नुभएको थियो। उहाँले प्रस्तुतीका क्रममा विश्व जलवायु परिवर्तन, जैविक विविधता ह्रास र वातावरणीय प्रदुषण जस्ता मुख्य संकटहरुबाट गुज्रिएको बताउनु भएको थियो। यस्ता संकटबाट साना किसान र सिमान्तकृत वर्ग झनै प्रभावित हुने बताउँदै श्रेष्ठले हामिले अपनाएको हरित क्रान्तिमा आधारित कृषि प्रणालिले यस्ता संकटलाई झनै बढावा दिएको बताउनु भयो । रसायनिका मलका लागि राज्यको ठूलो बजेट खर्च भैरहेको नेपालको खाद्य प्रणालि नै हाम्रो हातबाट फुत्किन लागेको बताउँदै उहाँले नेपालको कृषि तथा खाद्य प्रणालि रुपान्तरण गर्न ढिला भैसकेको बताउँदै, यसको लागि पर्यावरणीय कृषि एउटा बलियो बाटो भएको बताउनु भयो। पर्यावरणीय कृषि प्रोत्साहन गर्ने सरकारि दस्तावेजमा समेटिएका बुँदामाथि चर्चा गर्दै उहाँले बुँदाहरु आफैँमा अपर्याप्त र भएका पनि कार्यान्वयनमा नगएको बताउनु भयो ।

त्यसैगरी नागरिक समाजको तर्फबाट पर्यावरणीय कृषिको रणनीति बाटोका विषयमा नागरिक समाज संस्थाको बुझाई बिषयमा आफ्नो प्रस्तुति राख्दै लिवर्डका सन्तोष श्रेष्ठले नेपालमा पर्यावरणीय कृषिको रणनिति बन्ने क्रममा रहेको बताउनु भयो । श्रेष्ठले नेपालमा नीतिगत रुपमा केही हदसम्म पर्यावरणीय कृषि समेटिएको भएतापनि कार्यान्वयन नगन्य भएको बताउनु भयो ।

संवादमा त्यपछि स्थानीय किसानी अभ्यासको बारेमा किसान अभियन्ताहरु सम्मिलित पर्यावरणीय खेतिपातीको अभ्यास र यसको भविष्य विषयक प्यानल छलफलको आयोजना गरिएको थियो । यस प्यानल छलफलको सहजीरकण महासंघका सल्लाहकार डा. यमुना घलेले गर्नुभएको थियो । प्यानल सदस्यहरुमा पर्यावरणीय कृषि अभ्यासकर्ता एवं कृषि अभियन्ताहरु चन्द्र अधिकारी, निमा यान्छेन र नवराज बस्नेत हुनुहुन्थ्यो । छलफलका क्रमका किसानहरुले आफुले गरेका मौलिक किसानी अभ्यास, अभ्यासका क्रममा आइपरेका समस्याहरु र केही जैविक उपयोगी प्रविधि र शीपका बारेमा चर्चा गर्नुभएको थियो । छलफलको निचोडमा प्यानल सहजकर्ता डा. यमुना घलेले सरकार, नागरिक समाज र किसान तीनवटै पक्षबीच एउटै बुझाइ आवश्यक रहेको, पर्यावरणीय कृषि साच्चै सफल बनाउन अभ्यासकर्ता उपभोक्ता र अभियन्ताको सशक्त भूमिका आवश्यक रहेको, नीतको फाइदा अभ्यासकर्ताले लिन पाउनुपर्ने र  किसानले लाभको बांडफाडको भागी बन्नु पर्ने बताउनभएको थियो ।

त्यसैगरी अर्को प्यानल छलफलको सहजीकरण महासंघका संस्थापक अध्यक्ष एवं सल्लाहकार समितिका संयोजक तथा  खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारिले गर्नुभएको थियो । छलफलमा सरकारी प्राथमिकता, कार्यक्रम र बजारका आधारित रहेर पर्यावरण मैत्री कृषि नीति, बजार र समात्नु पर्ने बाटो बिषयमा छलफल गरिएको थियो । यस छलफलका प्यानल सदस्यहरु रैथाने एग्री प्रोडक्टस् नेपालबाट आर बी राई , राष्ट्रिय किसान आयोगका सदस्य एवं प्रबक्ता जिवन्ती पौडेल र लिबर्डका कार्यकारी निर्देशक भरत भण्डारी हुनुहुन्थ्यो ।

निर्देशक भण्डारीले प्यानल सदस्यको रुपमा बिचार राख्दै कृषि जैविकताको मुलभूत कुरा बिउ जोगाउनु नै भएको र  बिउ उपयोगमा ल्याउनु नै बिउको संरक्षण भएको बिचार व्यक्त गर्नुभयो त्यसैगरी उहाँले करिब ३ अर्वको बिउ बाहिरबाट ल्याइएको र यो प्रत्येक बर्ष बढ्दै गइरहेको बताउनभयो । त्यसैगरी उहाँले बिउको संरक्षणका लागि राज्यले समेत लागिपर्नुपर्ने बताउनुभयो । त्यसैगरी रैथानेबाट राइले ग्रामीण क्षेत्रमा हुने हाइड्रोपावर लगायतका विकास निर्माणका लागि सामान ढुवानी गर्न जाने ट्रकले रित्तै फर्किनुभन्दा फर्किदा स्थानीय किसानका उपज बजारसम्म ल्याइदिएमा किसानका उत्पादनले बजार पाउने बताउनुभयो । त्यसैगरी उहाँले स्थानीय मौलिक कृषि उत्पादनका हाट बजारको प्रवर्द्धन गर्नुपर्ने बनाउनुभयो । त्यसैरी

राष्ट्रिय किसान आयोगका प्रबक्ता  पौडेलले योजना तर्जुमा गर्दा नै भुक्तभोगीलार्य सामेल गरी योजना समावेश गर्नुपर्ने, शिक्षामा कृषि समावेश गर्नुपर्ने र कमी कमजोरी औल्याई कृषिको निम्ति सबै मिलेर काम गर्ने परिपाटी बसाउनुपर्ने बताउनुभयो । प्यानल सहकर्ता उद्धब अधिकारीले पारिवारिक खेती प्रणालीलाई उन्नत बनाउँदै पशुपालनमा आधारित हुनुपर्ने, जैविक मल र विषादीका साना ठूला कारखाना समुदायस्तरमा बनाइनुपर्ने, बजार, अनुसन्धान र बिउ बैक पालिका तहमा नै हुनुपर्ने, किसान र उपभोक्ता दुवैमा सचेतना अभिबृद्धि हुनुपर्ने र पर्यावरणीय कृषिमा आधारित उद्योगको विकास हुनु आवश्यक रहेको बताउनुभयो ।

त्यसैगरी सहकार्य गर्ने संस्थाहरुको तर्फबाट दिगो विकास इन्ष्टिच्यूटबाट प्रयास अधिकारी, सोसल बर्क इन्स्टिच्यूटबाट डा. जानुका खतिवडा, सप्रोस नेपालबाट डा. एकराज ओझा र केएर नेपालबाट प्रकास सुवेदीले यो अभियानलाई संगठित रुपमा अगाडी बढाउनुपर्ने र सहकार्यका लागि प्रतिबद्धता व्यक्त गर्नुभयो ।

संवादको निचोड प्रस्तुत गर्दै राष्ट्रिय कृषक समूह महासंघ नेपालका निर्देशक केदार कोइरालाले सिकाइको एकाकार गर्दै संयुक्त पहल कदमी आश्यक रहेको,  स्वच्छ उत्पादनको पहिचान सहितको उद्यममा रुपान्तरण आवश्यक रहेको,  सरलीकृत बजारीकरण आवश्यक रहेको, उत्पानमा आधारित खाद्य संप्रभुतामा आधारित पैरवी गनुपर्ने  र सिकाइ आदान प्रदान थलो आवश्यक रहेको बताउनुभयो ।

संवादको समापन गर्दै राष्ट्रिय कृषक समूह महासंघ नेपालका अध्यक्ष पंचकाजी श्रेष्ठले सबैको प्रतिवद्धताका साथ अब पर्यावरणीय कृषिको विकल्प नरहेको र हामीले गर्न खोजेको कुरालाई अब अगाडी बढाउनुपर्ने बताउनुभयो ।

संवादमा पर्यावरणीय कृषिको क्षेत्रमा कार्यरत १६ भन्दा बढी संस्था, नेपाल सरकारका प्रतिनिधि, संचारकर्मी, किसान र नागरिक समाज गरी ६५ भन्दा बढीको उपस्थिति रहेको थियो ।

## Media Monitoring

Ubjani:
**https://ubjani.com/2540...**

Krishi Patrika

**https://www.facebook.com/watch/?v=1286079512719972&rdid=0BBKMuAgd96ckLyH**

Annapurna Post:
**https://www.annapurnapost.com/story/467213/**


Three
Planetary Crisis


HASERA




दिगो र पर्यावरण मैत्री खेतिपाति
राष्ट्रिय संवाद
HASERA








दिगो र पर्यावरण मैत्री खेतिपाति
राष्ट्रिय संवाद


राष्ट्रिय संवाद